# कृषकहरुलाई घाँस खेति गरेको क्षेत्रफलको आधारमा बिउ खरिदमा ५० प्रतिसत अनुदान कार्यक्रम मार्गदर्शन २०८०

1. सियारी गाउँपालिका अन्तर्गत पशुपालन तथा माछापालन गरेको कृषक हुनु पर्नेछ ।
2. सियारी गाउँपालिका पशु सेवा इकाईले सिजन अनुसारको घाँस खेतीको लागि आवश्यक समयानुकुल हुने गरि कम्तिमा ७ दिने सार्वजनिक सुचना प्रकासन गर्ने छ ।
3. यो कार्यक्रम हिउदे घाँस जै र बर्सिम तथा बर्षे घास टियोसेन्टि र सुडानको खेतीमा मात्र लागु हुनेछ ।
4. कार्यक्रम संचालन प्रक्रिया देहाय बमोजिम हुनेछ ।
   - कार्यालयबाट सुचना प्रकासन भय पश्चात कार्यालयले तोकेको ढाचामा निवेदन पेश गर्नु पर्नेछ ।
   - निवेदनको साथमा आफुले घास खेति गर्दा खरिद गरेको घासको बिउको बिल पेश गर्नुपर्ने छ । स्थायी लेखा नम्बर नभएको बिल मान्य हुनेछैन ।
   - निवेदनको साथमा नेपालि नागरिकताको प्रतिलिपि तथा आफुले घास खेति गरेको जग्गाको लालपुर्जाको प्रतिलिपि पेश गर्नुपर्ने छ ।
   - कार्यालयले घासको बिउको मूल्य बजार दर रेट अनुसार वा जिल्ला दर रेट अनुसार तय गर्नेछ ।
   - निवेदनको साथमा निवेदकले बैंक खाता अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।
5. भुक्तानी प्रक्रिया देहाय बमोजिम हुनेछ ।
   - प्राप्त माग तथा बजेटको परिधि भित्र रही कार्यालयले भुक्तानी योग्य कृषक छनौट गर्नेछ ।
   - कार्यालयले घासको बिउको खरिद मुल्यको ५० प्रतिसत रकम कृषकहरुलाई उपलब्ध गराउनेछ ।
6. आ.व ०८०/०८१ को श्रावण १ देखि भएका कार्यहरु यसै नर्मस अनुसार भएको मानिनेछ ।
7. घासको बिउको मुल्य जिल्ला दर रेट भएको खण्डमा जिल्ला दर रेट अनुसार र जिल्ला दर रेटमा उल्लेख नभएको हकमा बजारमुल्यको आधारमा निर्धारण गरिनेछ ।